# जनकपुरधाम उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## जनकपुरधाम,धनुषा
## प्रदेश नं.२,नेपाल

## बोलपत्र आह्वानको पुन: १५ दिने सुचना
## प्रकाशित मिति:-२०७८/३/१५

यस ज.उ.म.न.पा. क्षेत्र भित्र मेलाहाट बजार र दैनिक गुदरी बजारको आ.व. २०७८/०७९ आषाढ मसान्त सम्म को लागि जनकपुरधाम उपमहानगरपालिका आर्थिक ऐन २०७७ को दफा(९) को अनुसुची(८)बमोजिम ठेक्का बन्दोबस्ती लगाउने निर्णय भए अनुसार(स्थायी लेखा नम्बर) प्राप्त ईच्छुक महानुभावहरू एवं फर्महरू बाट निम्न शर्त/बन्देजहरूको अधिनमा रहि १५(पन्ध्र) दिने बोलपत्र आव्हान गरिएको छ ।

१.) बोलपत्र फारम यस कार्यालय बाट रू. ३०००।०० (तीन हजार) को नगदी रसिद काटी निवेदन सहित मिति २०७८।३।२९ गते दिनको ५:०० बजे सम्म खरीद गर्न सकिने छ ।

२.) यस मेलाहाट बजारको पटके व्यवसाय कर यस उ.म.न.पा.ले तोकेको दर बमोजिम ठेकेदारले अशुल उपर गर्न पाउने छ ।

३.) ठेक्का कबुल अंकको ५% धरौटी वापत रकम यस कार्यालयको रा.वा.बैंक,जनकपुर को धरौटी खाता नं.१२२०१००३०३००००००७ मा जम्मा गरेको सक्कलै बैंक भौचर र नेपाली नागरिकताको प्रतिलिपी बोलपत्र साथ संलग्न राखी पेश गर्नु पर्ने छ ।

४.) ठेक्का स्वीकृत भएपछि कबुल रकम चार किस्तामा बुझाउनुपर्नेछ जसमध्ये सम्झौता गर्नु अघि एक किस्ता नगदी तथा अन्य तिन किस्ता रकम बराबर को बैंक ग्यारेण्टी वा सोही बराबरको धनजमानी बुझाउनु पर्ने छ ।

५.) नेपाल सरकार लाई बुझाउनु पर्ने सबै किसिमको कर ठेकेदारले नै बुझाउनु पर्ने छ ।

६.) ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र करारनामामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्ने छ ।

७.) वोलपत्र स्वीकृत गर्ने वा नगर्ने संम्पुर्ण अधिकार ज.उ.म.न.पा.मा निहित रहने छ ।

८.) केरमेट भएको, सहिछाप नभएको, म्याद नाघि पर्न आएको बोलपत्र स्वीकृत गरिने छैन ।

९.) बोलपत्र फारममा भरेको रकम अक्षर र अंकमा फरक परेमा अक्षर लाई मान्यता दिईने छ ।

१०.) बोलपत्रदाता तथा यस कार्यालय बिच कुनैकिसिमको मतभिन्नता भएमा कार्यालयको निर्णय अन्तिम हुने छ ।

११.) बोलपत्र फारम भर्दा आफुले कबुल गरेको रकम अंक र अक्षर स्पष्ट रूपमा भरी राम्ररी खाभवन्दी गरी शिल लाहाछाप लगाई आफ्नो नाम र ठेगाना समेत लेखि मेलाहाट वजारको शिलबन्दी बोलपत्र मिति २०७८।३।३० गते दिनको १२:०० बजे सम्म न.पा.कार्यालयमा दर्ता गराईसक्नु पर्ने छ

१२.) बोलपत्र फारम मिति २०७८।३।३० गते दिनको २:०० बजे सम्बन्धित प्रतिनिधिहरूको रोहबरमा खोलिने छ, उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोलिने कार्य रोकिने छैन ।

१३.) ठेक्का अबधि सम्झौता करार, भएको मिति देखि मिति २०७९ अषाढ मसान्त सम्म को लागि मात्र कायम रहने छ ।

१४.) ठेक्काको न्यूनतम कबोल रकम रू.९२०९४३०(अक्षरेपी बयानब्वे लाख नौ हजार चार सय तिस रूपैया मात्र)कायम गरीएको छ ।

१५.) बोलपत्र खरिद गर्ने अन्तिम दिन तथा दर्ता गराउने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको भोलि पल्ट कार्यालय खुलेको दिनमा गरिनेछ ।

१६) दैनिकरूपमा लाग्ने रामजानकी हाटबजार तथा नगर क्षेत्रको माछा वजारहरू ठेक्का बापतको कर असुल गर्न पाउनेछ । सडकमा दैनिक रूपले घुम्ती पसल बाहेक मासिक मेला पर्वहरू तथा अन्य उत्सवहरूका दिनमामात्र न.पा. ले तोकेको क्षेत्रमा मात्र सडकपेटी तथा फुटपाथमा बजार लगाउन पाउनेछ ।

१७) वडा नं.२ र ४ मा पर्ने डिहवार स्थानको वरीपरी अस्थायी पसलहरू नहटाए सम्मको लागि मात्र रकम असुल गर्न पाउनेछ ।

१८) मेला पुर्णिमा लगायतका चाडपर्वहरूमा ट्राफिक व्यवस्थापनमा अवरोध नहुने गरी सडक पेटी एवं फुटपाथमा खुल्ने पटके पसलहरू व्यवस्थापन हुने भएकोले देश विदेशका विशिष्ट पदाधिकारीहरूको आवागमनको समयमा सुरक्षाको कारण देखाई फुटपाथ पसलको व्यवस्थापन हुन नसकेको अवस्थामा कुनै किसिमको क्षतिपुर्ति उपलब्ध गराइने छैन ।

प्रमुख प्रशासकीय अधिकृत